# गोपनीयता सङ्कलन सूचनाहरू

व्यक्तिगत जानकारीमा तपाईंको नाम, सम्पर्क विवरण, स्वास्थ्य आवश्यकताहरू र कसले तपाईंलाई सहयोग गर्छजस्ता कुराहरू पर्दछन्। विभागले यो जानकारी फोन, अनलाइन, इमेलबाट वा व्यक्तिगत रूपमा सङ्कलन गर्दछ। यसलाई प्रश्नहरूको जवाफ दिन, तपाईंलाई दर्ता गर्न, तपाईं सेवाहरूका लागि योग्य हुनुहुन्छ कि भनेर जाँच्न र तपाईंलाई आवश्यक हेरचाह प्राप्त गराउनमा मद्दत गर्न प्रयोग गरिन्छ।

तपाईंको जानकारी अन्य सरकारी एजेन्सीहरू र हेरचाह प्रदायकहरूसँग साझेदारी गर्न सकिन्छ। तपाईंले आफ्नो जानकारी हेर्न वा सच्याउन अनुरोध गर्न सक्नुहुन्छ, र आवश्यक भएमा तपाईंले उजुरी गर्न सक्नुहुन्छ। जानकारी सङ्कलन *Aged Care Act 2024 [वृद्ध हेरचाह ऐन 2024]* अन्तर्गत अधिकृत छ।

## वृद्ध हेरचाह सेवाहरूका बारेमा सोधपुछ

यो गोपनीयता सूचनाले My Aged Care मार्फत वृद्ध हेरचाह प्रणालीको बारेमा सोधपुछ गर्दा वा जानकारी माग्दा कसरी Department of Health, Disability and Ageing [स्वास्थ्य, अशक्तता र आयुर्वृद्धि विभाग] (विभाग) ले तपाईंको व्यक्तिगत जानकारी कसरी सङ्कलन र व्यवस्थापन गर्दछ भनेर वर्णन गर्दछ।

### *हामी किन तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं?*

तपाईंले वृद्ध हेरचाह प्रणालीको बारेमा निम्न तवरले जानकारी खोज्दा तपाईंको सोधपुछको जवाफ दिन हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं:

- फोन वा इमेल मार्फत My Aged Care सम्पर्क केन्द्रमार्फत हामीलाई सम्पर्क गर्दा, वा
- Services Australia सेवा केन्द्रमा उपस्थित हुँदा।

यदि तपाईंले हामीलाई फोनमार्फत सम्पर्क गर्नुभयो भने, हामी प्रशिक्षण र गुणस्तर उद्देश्यका लागि कल रेकर्ड गर्छौं, जबसम्म तपाईंले हामीलाई त्यसो नगर्न भन्नुहुन्न। कल रेकर्डिङ गर्‍यौं भने तपाईंले कल गर्दा प्रदान गर्नुभएको व्यक्तिगत जानकारी त्यसबाट सङ्कलन गर्नेछौं।

तपाईंको व्यक्तिगत जानकारीबिना, हामी तपाईंलाई सामान्य जानकारी प्रदान गर्न सक्दछौं तर तपाईंका परिस्थितिहरू विचार गर्न वा पछि तपाईंलाई जवाफ दिन सक्नेछैनौं।

### *हामीले सङ्कलन गर्ने जानकारी*

हामीले सङ्कलन गर्ने व्यक्तिगत जानकारी तपाईंको सोधपुछ र तपाईं My Aged Care मा दर्ता हुनुभएको छ कि छैन भन्ने कुरामा निर्भर गर्दछ। जस्तै:

- यदि तपाईं दर्ता हुनुहुन्छ भने, हामी तपाईंको ग्राहक रेकर्ड फेला पार्न र तपाईंलाई सहयोग गर्न तपाईंको नाम, जन्ममिति, ईमेल ठेगाना, वृद्ध हेरचाह आईडी वा Medicare नम्बर सङ्कलन गर्न सक्छौं।
- यदि हामीले तपाईंलाई फेरि सम्पर्क गर्न आवश्यक भए, हामी तपाईंको नाम, सम्पर्क विवरणहरू र तपाईंको सोधपुछको बारेमा तपाईंले प्रदान गर्नुभएको जानकारी सङ्कलन गर्नेछौं ताकि हामी प्रतिक्रिया दिन सकौं।
- हामी तपाईंलाई कसरी सबैभन्दा राम्रो सहयोग गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्नका लागि, तपाईंको स्वास्थ्य र व्यक्तिगत अवस्थासँग सम्बन्धित संवेदनशील जानकारीसहित अन्य व्यक्तिगत जानकारी पनि सङ्कलन गर्न सक्छौँ।

तपाईंले My Aged Care सँग कारोबार गर्दा तपाईंले आफ्नो पहिचान दिलाउन आवश्यक छैन। यद्यपि, तपाईं त्यसो नगरे, हामी तपाईंलाई सामान्य जानकारी मात्र दिन सक्छौं। तपाईंले आफ्नो परिचय नखुलाई वृद्ध हेरचाह सेवाहरूका लागि आवेदन दिन सक्नुहुन्न।

*Aged Care Act 2024* अन्तर्गत विभाग तपाईंको जानकारी सङ्कलन गर्न अधिकृत छ।

### *हामी कसरी यो व्यक्तिगत जानकारी सङ्कलन गर्छौं?*

हामी तपाईंको सहमतिमा तपाईंको व्यक्तिगत जानकारी अर्को व्यक्तिबाट सङ्कलन गर्न सक्छौं। उदाहरणका लागि, यदि तपाईंको परिवारका सदस्य वा साथीले वृद्ध हेरचाहको लागि तपाईंको योग्यताको बारेमा सोध्न फोन गरेमा यो हुन सक्छ।

### *हामी तपाईंको व्यक्तिगत जानकारी कसरी खुलासा गर्छौं*

हाम्रो सेवा बारे तपाईंको प्रतिक्रिया सङ्कलन गर्न हामी तपाईंको व्यक्तिगत जानकारी बाह्य सर्वेक्षण प्रदायकलाई दिन सक्छौं। हामी तपाईंको सहमतिमा मात्र त्यसो गर्नेछौं।

हामी सोधपुछको माध्यमबाट हामीले संकलन गरेको व्यक्तिगत जानकारी नियमित रूपमा खुलासा गर्दैनौं, तर तपाईंको सहमतिमा वा *Aged Care Act 2024* अन्तर्गत अनुमति दिइएको अवस्थामा त्यसो गर्न सक्छौं।

### *विदेशमा जानकारी खुलासा*

सामान्यतया, हामी तपाईंको व्यक्तिगत जानकारी विदेशी प्रापकहरूलाई खुलासा गर्ने छैनौं।

### *तपाईंले आफ्नो जानकारी कसरी पहुँच गर्न वा सच्याउन सक्नुहुन्छ*

तपाईंलाई आफ्नो जानकारी हेर्न वा सच्याउन आवश्यक परेमा, तपाईंले त्यो यसरी गर्न सक्नुहुन्छ:

- तपाईंको My Aged Care अनलाइन खातामा लगइन गरेर
- My Aged Care लाई 1800 200 422 मा फोन गरेर
- Services Australia सेवा केन्द्र गएर Aged Care Specialist Officer [वृद्ध हेरचाह विशेषज्ञ अधिकारी]सँग कुरा गरेर।

व्यक्तिगत जानकारीमा पहुँच राख्न र तपाईं कसरी गोपनीयता उजुरी गर्न सक्नुहुन्छ भन्नेबारे थप जानकारीको लागि, My Aged Care गोपनीयता नीति हेर्नुहोस्।

## My Aged Care ग्राहक रेकर्डको लागि दर्ता: ग्राहक

यो गोपनीयता सूचनाले वृद्ध हेरचाह सेवा प्राप्त गर्न तपाईं My Aged Care मा दर्ता भएको अवस्थामा Department of Health, Disability and Ageing (विभाग) ले तपाईंको व्यक्तिगत जानकारी कसरी सङ्कलन र व्यवस्थापन गर्छ भन्ने कुरा वर्णन गर्दछ।

### *हामी किन तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं?*

My Aged Care मा व्यक्तिगत रेकर्डको लागि दर्ता गर्नाले तपाईंलाई वृद्ध हेरचाह सेवाहरूका लागि आवेदन दिन र अनुकूलित जानकारी प्राप्त गर्न अनुमति दिन्छ।

हामीले तपाईंको व्यक्तिगत अभिलेख बनाउन र तपाईंलाई व्यक्तिगत वृद्ध हेरचाह परिचय पत्र संख्या प्रदान गर्न तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्न आवश्यक छ।

दर्ता भएपछि तपाईंले वृद्ध हेरचाह सेवाका लागि दिनु भएका कुनै पनि आवेदनको मूल्याङ्कन गर्न हामी तपाईंको अभिलेखमा रहेको जानकारी प्रयोग गर्न सक्छौं र तपाईं योग्य भए ती सेवाहरू प्राप्त गर्न तपाईंलाई सहयोग गर्न पनि यो जानकारी प्रयोग गरिनेछ ।

तपाईं निम्न माध्यमद्वारा My Aged Care मा दर्ता गर्न सक्नुहुन्छ:

- My Aged Care सम्पर्क केन्द्रमा फोन गरेर
- Services Australia सेवा केन्द्र मा Aged Care Specialist Officerसँग कुरा गरेर
- वृद्ध हेरचाह मूल्याङ्कनको लागि अनलाइन आवेदन पेश गरेर।

तपाईंको व्यक्तिगत जानकारीबिना, हामी तपाईंलाई My Aged Care मा दर्ता गर्न सक्दैनौं, र तपाईंलाई वृद्ध हेरचाहको बारेमा सामान्य जानकारी मात्र दिन सक्छौं। हामी तपाईंलाई वित्तपोषित वृद्ध हेरचाह सेवाहरू प्राप्तिका लागि मूल्याङ्कन वा अनुमोदन गर्न सक्नेछैनौं।

### *हामीले सङ्कलन गर्ने जानकारी*

हामी निम्न जानकारी सङ्कलन गर्छौं:

- तपाईंको नाम, जन्ममिति, सम्पर्क विवरण, जनसांख्यिकीय जानकारी र सान्दर्भिक पहिचान सूचकहरू (जस्तै Medicare नम्बर)
- तपाईंकका प्राथमिकताहरू (जस्तै तपाईंको रोजाईको भाषा)
- तपाईंको परिस्थिति र हेरचाह आवश्यकतासँग सम्बन्धित अन्य सान्दर्भिक जानकारी
- यदि तपाईंसँग सहयोगी छ भने – तपाईंको सहयोगीको विवरण।

*Aged Care Act 2024* अन्तर्गत विभाग तपाईंको जानकारी सङ्कलन गर्न अधिकृत छ।

### *हामी यो व्यक्तिगत जानकारी कसरी सङ्कलन गर्छौं*

जब तपाई My Aged Care मा दर्ता गर्नुहुन्छ हामी तपाईंको व्यक्तिगत जानकारी सिधै तपाईंबाट सङ्कलन गर्न सक्छौं। अर्को व्यक्तिले तपाईंलाई तपाईंको सहमतिमा My Aged Care मा दर्ता गर्न सक्छ। त्यस्तो अवस्थामा हामी तपाईंको व्यक्तिगत जानकारी त्यस व्यक्तिबाट सङ्कलन गर्नेछौं।

तपाई वा तपाईंले प्राप्त गर्ने वृद्ध हेरचाह सेवासम्बन्धि कुनै परिवर्तन भए हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्न सक्छौं र यसलाई तपाईंको व्यक्तिगत रेकर्डमा समावेश गर्न सक्छौं। उदाहरणका लागि, यदि तपाईंको वृद्ध हेरचाह मूल्याङ्कन गरिएको छ भने त्यससम्बन्धी विवरण सङ्कलन गर्दा, वा तपाईंले वृद्ध हेरचाह सेवाहरू प्रयोग गर्न सुरु गर्दा हामी यसो गर्नेछौं।

### *हामी तपाईंको व्यक्तिगत जानकारी कसरी खुलासा गर्छौं*

तपाईंको व्यक्तिगत रेकर्डमा भएको जानकारी *Aged Care Act 2024* अन्तर्गत सुरक्षित हुन्छ। Aged Care Act ले अनुमति दिएको अवस्थामा, वृद्ध हेरचाह सेवा प्रदान गर्ने सन्दर्भमा हामी तपाईंको अभिलेखमा रहेको जानकारी सम्बन्धित पक्षहरूसँग साझा गर्न सक्छौं। यसमा निम्न पक्षहरू पर्दछन्:

- Services Australia
- Department of Veterans' Affairs [पूर्वसैनिक मामिला विभाग]
- National Disability Insurance Agency [राष्ट्रिय अपाङ्गता बीमा एजेन्सी]
- वृद्ध हेरचाह मूल्याङ्कनकर्ताहरू

- वृद्ध हेरचाह सेवा प्रदायकहरू
- स्वास्थ्य हेरचाह पेशेवरहरू
- तपाईंको सहयोगी वा कानुनी प्रतिनिधि भए उनीहरूसँग।

*Aged Care Act 2024* अनुसार, निम्न अवस्थामा पनि हामी तपाईंको व्यक्तिगत जानकारी खुलासा गर्न सक्छौं, जब:

- हामी Aged Care Quality and Safety Commission [वृद्ध हेरचाह गुणस्तर र सुरक्षा आयोग] लाई उनीहरूको जिम्मेवारी पूरा गर्न आवश्यक परेमा (उदाहरणका लागि, कुनै गुनासो सम्बन्धी मामिलामा) हामी जानकारी प्रदान गर्छौं
- तपाईंले सहमति दिएको अवस्थामा (उदाहरणका लागि, जहाँ तपाईं आफ्नो My Health Record मा मूल्याङ्कन योजना अपलोड गर्न सहमत हुनुहुन्छ)।

### *विदेशमा जानकारी खुलासा*

सामान्यतया, तपाईं वा तपाईंका सहयोगीले  विदेशमा हुनुहुँदा My Aged Care मा फोन गर्नु भएमा, My Aged Care अनलाइन खातामार्फत तपाईंको जानकारी हेर्नु भएमा, वा हामीबाट इमेल वा SMS मार्फत जानकारी प्राप्त गर्नु भएमा मात्र हामी तपाईंको व्यक्तिगत जानकारी अष्ट्रेलियाबाहिर खुलासा गर्नेछौं।

सामान्यतया, हामी तपाईंको व्यक्तिगत जानकारी विदेशी प्रापकहरूलाई खुलासा गर्ने छैनौं।

### *तपाईंले आफ्नो जानकारी कसरी पहुँच गर्न वा सच्याउन सक्नुहुन्छ*

तपाईंलाई आफ्नो जानकारी हेर्न वा सच्याउन आवश्यक परेमा, तपाईंले त्यो यसरी गर्न सक्नुहुन्छ:

- तपाईंको My Aged Care अनलाइन खाता अद्यावधिक गरेर
- My Aged Care लाई 1800 200 422 मा फोन गरेर
- Services Australia सेवा केन्द्र मा गएर Aged Care Specialist Officer सँग कुरा गरेर।

व्यक्तिगत जानकारीमा पहुँच राख्न र तपाईं कसरी गोपनीयता उजुरी गर्न सक्नुहुन्छ भन्नेबारे थप जानकारीको लागि, My Aged Care गोपनीयता नीति हेर्नुहोस्।

## My Aged Care को लागि दर्ता: सहयोगी

यो गोपनीयता सूचनाले तपाईंले My Aged Care मा अभिलेख दर्ता गर्दा, वा कुनै ज्येष्ठ अष्ट्रेलियाली (ग्राहक) का सहयोगीका  रूपमा दर्ता हुँदा Department of Health, Disability and Ageing (विभाग) ले तपाईंको व्यक्तिगत जानकारी कसरी सङ्कलन र व्यवस्थापन गर्दछ भन्ने कुरा वर्णन गर्दछ।

### *हामी किन तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं*

My Aged Care मा अभिलेख दर्ता गर्नु ग्राहकको सहयोगीको रूपमा तपाईंको दर्ता प्रक्रिया पूरा गर्न आवश्यक पर्ने एउटा अनिवार्य चरण हो। सम्पत्ति मूल्याङ्कनबाहेक सहयोगीले सेवाग्राहीलाई वृद्ध हेरचाह सेवाहरू खोज्न वा पहुँच गर्न वा *Aged Care Act 2024* (ऐन) अन्तर्गत वा त्यसका उद्देश्यका लागि सहयोग गर्न सक्छन्। ग्राहकको सहमति भएमा वा ऐनअन्तर्गत अन्यथा अधिकार प्राप्त भएमा, सहयोगीले ऐनअनुसार ग्राहकलाई दिनुपर्ने वा दिन सकिने जानकारी वा कागजातहरू पनि प्राप्त गर्न सक्छन्।

हामीले तपाईंको व्यक्तिगत रेकर्ड सिर्जना गर्न र तपाईंलाई व्यक्तिगत वृद्ध हेरचाह आईडी नम्बर असाइन गर्न तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्न आवश्यक छ।

My Aged Care मा दर्ता भएपछि, तपाईं ग्राहकको सहमतिमा उनीहरूको दर्तावाल सहयोगी बन्न सक्नुहुन्छ। त्यसपछि तपाईंले तिनीहरूको इच्छाअनुसार जानकारी प्रदान गर्न र प्राप्त गर्न सक्नुहुन्छ।

सहयोगीका रूपमा दर्ता हुन तपाईंद्वारा गरिइको कुनै पनि आवेदनको मूल्याङ्कन गर्न हामी तपाईंको अभिलेखमा रहेको जानकारी प्रयोग गर्न सक्छौं। यदि तपाईं दर्ता हुनुहुन्छ भने, वृद्ध हेरचाह सेवाहरू पहुँच गर्न कसैलाई सहयोग गर्ने तपाईंको भूमिका निर्वाह गर्न, तथा तपाईं सहयोगीका रूपमा उपयुक्त रहनुभएको छ कि छैन भन्ने सुनिश्चित गर्न पनि हामी तपाईंको अभिलेखमा रहेको जानकारी प्रयोग गर्नेछौं।

तपाईं निम्न माध्यमद्वारा My Aged Care मा दर्ता गर्न सक्नुहुन्छ:

- My Aged Care सम्पर्क केन्द्रमा फोन गरेर
- Services Australia सेवा केन्द्रमा Aged Care Specialist Officer सँग कुरा गरेर
- वृद्ध हेरचाह मूल्याङ्कनको लागि अनलाइन आवेदन दर्ता गर्न ग्राहकलाई सहयोग गर्ने प्रक्रियाको एक भागको रूपमा
- वृद्ध हेरचाह मूल्याङ्कनकर्तासँग कुरा गरेर
- Registration of a Supporter form [सहयोगी फारामको पञ्जीकरण] पेश गरेर।

तपाईंको व्यक्तिगत जानकारी बिना, हामी तपाईंलाई My Aged Care रेकर्डमा दर्ता गर्न वा सहयोगीको रूपमा तपाईलाई दर्ता गर्न सक्दैनौं। यस अवस्थामा, हामी तपाईंलाई वृद्ध हेरचाहको बारेमा मात्र सामान्य जानकारी दिन सक्ने छौं। तपाईंले सहयोगीको रूपमा ग्राहकको लागि जानकारी प्राप्त गर्न वा सञ्चार गर्न सक्नुहुने छैन।

### *हामीले सङ्कलन गर्ने जानकारी*

हामी निम्न जानकारी सङ्कलन गर्छौं:

- तपाईंको नाम, जन्ममिति, सम्पर्क विवरण र सान्दर्भिक पहिचान सूचकहरू (जस्तै Medicare नम्बर)

- ग्राहक विवरण
- ग्राहकसँगको तपाईंको सम्बन्धको बारेमा जानकारी
- ग्राहकको सहयोगी हुनको लागि तपाईंको उपयुक्तता वा कानुनी क्षमताको बारेमा जानकारी।

*Aged Care Act 2024* अन्तर्गत विभाग तपाईंको जानकारी सङ्कलन गर्न अधिकृत छ।

### *हामी यो व्यक्तिगत जानकारी कसरी सङ्कलन गर्छौं*

सामान्यतया हामी तपाईंको व्यक्तिगत जानकारी तपाईंले My Aged Care मा दर्ता गर्दा तपाईंबाट सङ्कलन गर्छौं। अर्को व्यक्तिले तपाईंलाई तपाईंको सहमतिमा My Aged Care मा दर्ता गर्न सक्छ। यस्तो अवस्थामा हामी तपाईंको व्यक्तिगत जानकारी त्यस व्यक्तिबाट सङ्कलन गर्नेछौं।

सहयोगीको रूपमा रूपमा दर्ता गर्नु अघि वा पछि, तपाईं सहयोगी बन्न उपयुक्त वा सक्षम हुनुहुन्छ कि हुनुहुन्छैन भन्ने सम्बन्धमा हामी अन्य व्यक्तिहरू वा संस्थाहरूबाट पनि जानकारी सङ्कलन गर्न सक्छौं।

तपाईंले समय-समयमा आफ्नो रेकर्ड अद्यावधिक गर्दा पनि हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं।

### *हामी तपाईंको व्यक्तिगत जानकारी कसरी खुलासा गर्छौं*

तपाईंको My Aged Care रेकर्डमा रहेको जानकारी *Aged Care Act 2024*द्वारा सुरक्षित गरिएको हुन्छ। निम्न अवस्थासहित उक्त ऐनले अनुमति दिएको अवस्थामा मात्र हामी तपाईंको व्यक्तिगत जानकारी खुलासा गर्न सक्छौं:

- हामी तपाईंको व्यक्तिगत जानकारी (सहयोगीको रूपमा तपाईंको दर्ताको स्थिति, नाम र सम्पर्क विवरणहरू) अन्य सहयोगीहरू, तपाईंले सहयोग गर्ने व्यक्ति, वृद्ध हेरचाह मूल्याङ्कनकर्ताहरू र वृद्ध हेरचाह प्रदायकहरूलाई खुलासा गर्दछौं।
- अर्को व्यक्तिले तपाईंलाई सहयोगी बन्नको लागि आवेदन दिएको भए उक्त आवेदनको नतिजाको जानकारी उनीहरूलाई गराउँदा
- हामी Aged Care Quality and Safety Commission लाई उसको कार्यसम्पादनका लागि आवश्यक परेमा (उदाहरणका लागि, कुनै गुनासोका बारेमा)
- तपाईं सहमत हुनुहुन्छ।

### *विदेशमा जानकारी खुलासा*

सामान्यतया, तपाई, तपाईंका ग्राहक वा अन्य सहयोगी विदेशमा हुनुहुँदा र तपाईंको व्यक्तिगत जानकारी रहेको My Aged Care अनलाइन खाता पहुँच गर्दा मात्र हामी तपाईंको व्यक्तिगत जानकारी अष्ट्रेलियाबाहिर खुलासा गर्नेछौं। यदि तपाई वा उनीहरूले विदेशमा हुँदा My Aged Care मा फोन गरेमा, वा अन्यथा विदेशमा रहँदा इमेल वा एसएमएससमार्फत My Aged Care बाट जानकारी प्राप्त गरेमा पनि यो हुन सक्छ।

सामान्यतया, हामी तपाईंको व्यक्तिगत जानकारी विदेशी प्रापकहरूलाई खुलासा गर्ने छैनौं।

### *तपाईंले आफ्नो जानकारी कसरी पहुँच गर्न वा सच्याउन सक्नुहुन्छ*

तपाईंलाई आफ्नो जानकारी हेर्न वा सच्याउन आवश्यक परेमा, तपाईंले त्यो यसरी गर्न सक्नुहुन्छ:

- तपाईंको My Aged Care अनलाइन खातामा लगइन गरेर
- My Aged Care लाई 1800 200 422 मा फोन गरेर
- Services Australia सेवा केन्द्रमा गएर Aged Care Specialist Officer सँग कुरा गरेर।

व्यक्तिगत जानकारीमा पहुँच र तपाई कसरी गोपनीयता उजुरी गर्न सक्नुहुन्छ भन्नेबारे थप जानकारीको लागि, My Aged Care गोपनीयता नीति हेर्नुहोस्।

## वृद्ध हेरचाहको लागि आवेदन वा रेफरलको मूल्याङ्कन आवश्यक हुन्छ

यस गोपनीयता सूचनाले Department of Health, Disability and Ageing (विभाग) ले तपाईंको लागि वृद्ध हेरचाह आवश्यकता मूल्याङ्कन (वा पुनर्मूल्यांकन) को लागि आवेदन वा रेफरल गर्दा व्यक्तिगत जानकारी कसरी सङ्कलन र व्यवस्थापन गर्दछ भन्ने कुरा वर्णन गर्दछ।

### *विभागले तपाईंको व्यक्तिगत जानकारी किन सङ्कलन गर्छ?*

हामी तपाईको व्यक्तिगत जानकारी निम्न कुराका लागि सङ्कलन गर्छौं:

- वृद्ध हेरचाह सेवाहरूका लागि तपाईंको योग्यता निर्धारण गर्न
- वृद्ध हेरचाह सेवाहरूका लागि तपाईंको प्राथमिकता निर्धारण गर्न
- यदि तपाई योग्य नभए त्यसबारे तपाईंलाई सूचित गर्न
- तपाई योग्य भए तपाईंलाई मूल्याङ्कन गर्ने संस्थामा सिफारिस गर्नु र वृद्ध हेरचाह सेवाहरूमा तपाईंको पहुँचका लागि सहयोग गर्न।

एक वृद्ध हेरचाह मूल्याङ्कनकर्ताले तपाईंका वृद्ध हेरचाहसम्बन्धी आवश्यकताहरू निर्धारण गर्न तथा तपाईंलाई चाहिने सेवाहरूबारे निर्णय गर्न तपाईंको आवेदन वा सिफारिसमा रहेको जानकारीका साथै तपाईंको व्यक्तिगत अभिलेखमा रहेको विवरण प्रयोग गर्ने छन्।

यदि हामीले तपाईंको जानकारी सङ्कलन गरेनौं भने हामी तपाईंको आवश्यकताहरू पत्ता लगाउन र वृद्ध हेरचाहको लागि तपाईंको योग्यता मूल्याङ्कन गर्न असमर्थ हुनेछौं।

### *हामीले सङ्कलन गर्ने जानकारी*

हामीले सङ्कलन गर्ने जानकारीमा तपाईंका निम्न कुराहरू पर्दछन्:

- नाम, जन्ममिति, जनसांख्यिकीय र सम्पर्क विवरण
- कार्यात्मक क्षमता (दैनिक गतिविधिहरू गर्ने क्षमता)
- मनोसामाजिक आवश्यकताहरू (मानसिक स्वास्थ्य जानकारी)
- हालका परिस्थिति र सहायताहरू
- सहयोगी वा अन्य सान्दर्भिक सम्बन्ध जानकारी, यदि भए
- सिफारिसको कारण, सान्दर्भिक भए।

*Aged Care Act 2024* अन्तर्गत विभाग तपाईंको जानकारी सङ्कलन गर्न अधिकृत छ।

### *हामी यो व्यक्तिगत जानकारी कसरी सङ्कलन गर्छौं*

यदि तपाईंले वृद्ध हेरचाह सेवाहरूका लागि आवेदन गर्नुभयो भने हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं। तपाईंको सहमतिमा, अर्को व्यक्तिले तपाईंको तर्फबाट आवेदन दिन सक्छ वा तपाईंलाई वृद्ध हेरचाहको लागि सिफारिस गर्न सक्छ। त्यस्तो अवस्थामा हामी तपाईंको व्यक्तिगत जानकारी त्यस व्यक्तिबाट सङ्कलन गर्नेछौं।

### *हामी तपाईंको व्यक्तिगत जानकारी कसरी खुलासा गर्छौं*

तपाईंले आवेदन दिए वा तपाईंलाई वृद्ध हेरचाहको लागि सिफारिस गरिए हामी तपाईंको My Aged Care व्यक्तिगत रेकर्डमा उक्त जानकारी भण्डारण गर्दछौं। यो जानकारी *Aged Care Act 2024* अन्तर्गत सुरक्षित राखिन्छ।

जब Aged Care Act द्वारा अनुमति दिइन्छ, हामी तपाईंको रेकर्डमा रहेको जानकारी वित्तपोषित वृद्ध हेरचाह सेवाहरूको वितरणसँग सम्बन्धित अन्य पक्षहरूसँग साझेदारी गर्न सक्छौं। यसमा निम्न पक्षहरू पर्दछन्:

- Services Australia
- Department of Veterans' Affairs

- National Disability Insurance Agency
- वृद्ध हेरचाह आवश्यकता मूल्याङ्कनकर्ताहरू
- वृद्ध हेरचाह प्रदायकहरू
- स्वास्थ्य हेरचाह पेशेवरहरू
- तपाईंको सहयोगी वा कानुनी प्रतिनिधि, यदि तपाईंसँग छ भने।

हामी तपाईंको व्यक्तिगत जानकारी निम्न अवस्थामा पनि खुलासा गर्न सक्छौं:

- तपाईंको सहमतिमा
- जहाँ *Aged Care Act 2024* अन्तर्गत अन्यथा अनुमति दिइएको छ।

### *तपाईंको व्यक्तिगत जानकारीको विदेशमा खुलासा*

यदि तपाईं वा तपाईंको सहयोगीले My Aged Care लाई कल गर्नुहुन्छ, My Aged Care अनलाइन खाता मार्फत तपाईंको जानकारी पहुँच गर्नुहुन्छ, वा अन्यथा तपाईं वा तिनीहरू विदेशमा हुँदा ईमेल वा एसएमएसमार्फत हामीबाट जानकारी प्राप्त गर्नुहुन्छ भने मात्र हामी सामान्यतया तपाईंको व्यक्तिगत जानकारी अष्ट्रेलियाबाहिर खुलासा गर्नेछौं। सामान्यतया, हामी तपाईंको व्यक्तिगत जानकारी विदेशी प्रापकहरूलाई खुलासा गर्ने छैनौं।

### *तपाईंले आफ्नो जानकारी कसरी पहुँच गर्न वा सच्याउन सक्नुहुन्छ*

तपाईंलाई आफ्नो जानकारी हेर्न वा सच्याउन आवश्यक परेमा, तपाईंले त्यो यसरी गर्न सक्नुहुन्छ:

- तपाईंको My Aged Care अनलाइन खाता अद्यावधिक गरेर
- My Aged Care लाई 1800 200 422 मा फोन गरेर
- Services Australia सेवा केन्द्रमा गएर Aged Care Specialist Officer सँग कुरा गरेर।

व्यक्तिगत जानकारीमा पहुँच राख्न र तपाईं कसरी गोपनीयता उजुरी गर्न सक्नुहुन्छ भन्नेबारे थप जानकारीको लागि, My Aged Care गोपनीयता नीति हेर्नुहोस्।

## वृद्ध हेरचाह आवश्यकता मूल्याङ्कन

यस गोपनीयता सूचनाले Department of Health, Disability and Ageing (विभाग) ले मूल्याङ्कन संस्थामार्फत तपाईंको व्यक्तिगत जानकारी कसरी सङ्कलन गर्छ भन्ने कुरा वर्णन गर्दछ। विभागले वृद्ध हेरचाह आवश्यकताहरूको मूल्याङ्कन गर्न मूल्याङ्कन संस्थासँग सम्झौता गर्दछ।

तपाईंले मूल्याङ्कनमा मूल्याङ्कनकर्तालाई जानकारी प्रदान गर्दा हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं। मूल्याङ्कनकर्ताले तपाईंका आवश्यकताबारे कुरा गर्ने परिवारका सदस्यहरू वा स्वास्थ्यकर्मीहरू जस्ता तेस्रो पक्षहरूबाट पनि हामी तपाईंको व्यक्तिगत जानकारी सङ्कलन गर्छौं।

यो जानकारीको सङ्कलन *Aged Care Act 2024* द्वारा अधिकृत गरिएको छ।

### *विभागले तपाईंको व्यक्तिगत जानकारी किन सङ्कलन गर्छ?*

विभागले वृद्ध हेरचाह आवश्यकताको मूल्याङ्कन वा पुनर्मूल्याङ्कन गर्नका लागि तपाईंको स्वास्थ्य, माङ्गल्य, सहयोग, आर्थिक तथा कानुनी अवस्था, साथै घर तथा व्यक्तिगत सुरक्षासम्बन्धी व्यक्तिगत जानकारी सङ्कलन गर्छ। तपाईंलाई कुन प्रकारका वृद्ध हेरचाह सेवाहरू आवश्यक छन् र ती सेवाहरू कति चाँडो आवश्यक छन् भन्ने निर्धारण गर्न हामी यसो गर्छौं। साथै, तपाईंलाई आवश्यक पर्नसक्ने कुनै पनि सहयोग तथा वृद्ध हेरचाह सेवाहरूको व्यवस्थापनजस्ता अन्य उद्देश्यका लागि पनि हामी तपाईंको व्यक्तिगत जानकारी प्रयोग गर्न सक्छौं।

हामी तपाईंलाई वृद्ध हेरचाह व्यवस्थापन र वितरण गर्नको लागि Services Australia बाट प्राप्त वृद्ध हेरचाह सेवाहरूको बारेमा जानकारी सङ्कलन गर्न सक्छौं।

तपाईंले आवश्यक सबै व्यक्तिगत जानकारी प्रदान गर्नुभएन वा गर्न असमर्थ हुनुभयो भने मूल्याङ्कनकर्तासँग तपाईंका आवश्यकताहरूको सही चित्र हुनेछैन र ऊ तपाईंलाई आवश्यक पर्ने सेवाहरूको स्तर, प्रकार वा अत्यावश्यकता निर्धारण गर्न असमर्थ हुनसक्छ। मूल्याङ्कनकर्ताले तपाईंलाई आवश्यक वृद्ध हेरचाह सेवाहरू निर्धारण गर्न वृद्ध हेरचाह आवश्यकताहरूको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउन ऊ असमर्थ हुनसक्छ।

### *हामी तपाईंको व्यक्तिगत जानकारी कसरी खुलासा गर्छौं*

हामी तपाईंको व्यक्तिगत जानकारी वृद्ध हेरचाह वा स्वास्थ्य प्रदायकहरू, Services Australia र राज्य तथा प्रान्त सेवाहरूलाई खुलासा गर्न सक्छौं। हामी तपाईंको व्यक्तिगत जानकारी तपाईंको सहमतिमा वा *Aged Care Act 2024*अन्तर्गत अनुमति दिइएको अवस्थामा मात्र खुलासा गर्नेछौं।

जब Aged Care Act द्वारा अनुमति दिइन्छ, हामी तपाईंको रेकर्डमा रहेको जानकारी वित्तपोषित वृद्ध हेरचाह सेवाहरूको वितरणसँग सम्बन्धित अन्य पक्षहरूसँग साझेदारी गर्न सक्छौं। यसमा निम्न पक्षहरू पर्दछन्:

- Services Australia
- Department of Veterans' Affairs
- National Disability Insurance Agency
- वृद्ध हेरचाह आवश्यकता मूल्याङ्कनकर्ताहरू
- वृद्ध हेरचाह प्रदायकहरू

- स्वास्थ्य हेरचाह पेशेवरहरू
- तपाईको सहयोगी वा कानुनी प्रतिनिधि, यदि तपाईंसँग छ भने।

हामी तपाईंको व्यक्तिगत जानकारी निम्न अवस्थामा पनि खुलासा गर्न सक्छौं:

- तपाईंको सहमतिसहित
- जहाँ *Aged Care Act 2024* अन्तर्गत अन्यथा अनुमति दिइएको छ।

### *तपाईंको व्यक्तिगत जानकारीको विदेशमा खुलासा*

तपाईंको अनलाइन खाता विदेशबाट पहुँच गर्नसक्ने सहयोगकर्ता भए Privacy Act र APPs [अष्ट्रेलियन गोपनीयता सिद्धान्तहरू] को सुरक्षा लागू नहुन सक्छ। सहयोगीहरूले तपाईंको व्यक्तिगत जानकारी तपाईंलाई वृद्ध हेरचाहसम्बन्धी सहयोग गर्नका लागि मात्र प्रयोग गर्नुपर्छ। हामी तपाईंको व्यक्तिगत जानकारी अन्य कुनै पनि विदेशी प्रापकहरूलाई खुलासा गर्ने छैनौं।

### *तपाईंले आफ्नो जानकारी कसरी पहुँच गर्न वा सच्याउन सक्नुहुन्छ*

तपाईंले आफ्नो My Aged Care अनलाइन खातामार्फत हामीले राखेका तपाईका केही व्यक्तिगत जानकारीहरू पहुँच गर्न र सच्याउन सक्नुहुन्छ। निम्नसम्बन्धी थप जानकारीको लागि My Aged Care गोपनीयता नीति हेर्नुहोस्:

- हामी कसरी व्यक्तिगत जानकारी ह्यान्डल गर्छौं
- तपाईं आफ्नो व्यक्तिगत जानकारीको पहुँच वा संशोधनका लागि कसरी माग गर्न सक्नुहुन्छ
- तपाईं कसरी गोपनीयता उजुरी गर्न सक्नुहुन्छ।

## सम्पर्क विवरणहरू

यदि तपाईं यस सूचनाको बारेमा प्रश्नहरूसहित गोपनीयतासम्बन्धी मामिलाको बारेमा विभागलाई सम्पर्क गर्न चाहनुहुन्छ भने, कृपया निम्न विधिहरूमध्ये कुनै एक मार्फत विभागका गोपनीयता अधिकारीलाई सम्पर्क गर्नुहोस्:

- हुलाक: Privacy Officer, Department of Health, Disability and Ageing,

  23 Furzer Street WODEN ACT 2606
- इमेल: privacy@health.gov.au
- टेलिफोन: 02 6289 1555